महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
गुलरिया नगरपालिका, बर्दिया

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।
(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय)

पत्र संख्याः २०७८।७९

च.नं. मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यु,
गुलरिया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
गुलरिया, बर्दिया ।

कैफियत सहितको राय

हामीले गुलरिया नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गुलरिया नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन

२. लेखापरीक्षणबाट रू ६ करोड ९० लाख ३५ हजार बेरुजू देखिएको छ। सोमध्ये मिति २०७९/०१/१२ मा प्राप्त प्रतिक्रियाबाट रू. ४५ लाख ७५ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ५५ लाख ६ हजार, नियमित गर्नुपर्ने रू ५ करोड ६७ लाख १७ हजार र पेश्की रू २० लाख ९५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू. २२ करोड ९९ लाख ९३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू २९ करोड ४४ लाख ५३ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. गुलरिया नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



(नारायण मरासिनी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

गुलरिया नगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्योंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
७३	३०	६९०३५	०	११	४५७५	७३	१९	६४४६०	१४२	५६७१७	५५०६	०	०	६२२२३	२०९५

अद्यावधिक बेरुजू स्थिति

२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्योंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बर्दिया	२२९९९३	०	०	२२९९९३	०	६४४६०	२९४४५३

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गुलरिया नगरपालिका, बर्दिया , गुलरिया नगरपालिका , बर्दिया

पद	**नाम**	**कार्यकाल सुरु मिति**	**कार्यकाल समाप्त मिति**
कार्यालय प्रमुख	धर्मराज नौपाने	२०७७-५-८	
कार्यालय प्रमुख	प्रकाश देवकोटा	२०७७-१०-१६	हाल सम्म कार्यरत
लेखा प्रमुख	रुप सिङ खत्री	२०७७-४-१	
		बेरुजु रकम	६९,०३५,४११

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		११,३५,८८,८७८.४९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५६,४०,५८,३०७	चालु खर्च	४९,०१,२५,२२२.३७
प्रदेश सरकारबाट अनुदान	५,०९,२४,०००	पूँजीगत खर्च	२७,३९,७९,०७७
राजश्व बाँडफाँट	२९,१९,६९,३५५.४२	वित्तीय/अन्य व्यवस्था	२६,४१,६८,०५४.१३
आन्तरिक आय	६,३७,३७,२७६.२४		
अन्य आय	१०,५२,२५,५८२.३२		
कुल आय	१,०७,५९,१४,५२०.९८	कुल खर्च	१,०२,८२,७२,३५३.५
बाँकी मौज्दात		१६,१२,३१,०४५.९७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** **परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ ।नगरपालिकाको स्थापना २०५३ सालमा भएकोमा तत्कालिन गुलरिया, मथुराहदरबार, मोहम्मदपुर र खैरापुर गा.वि.स.लाई मिलाएर २०७३ सालमा कार्यक्षेत्र वृद्धि भएको हो । यस नगरपालिका अन्तर्गत 1२ वडा, ६६ सभा सदस्य, ११८.२१वर्ग किलोमिटर क्षेत्रफल तथा ६६ हजार ६७९ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण** लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । बैङ्क नगदी किताबसमेत आर्थिक कारोबारका अंकगणितिय शुद्धता तर्फ कार्यालय र आन्तरिक लेखापरिक्षणले गर्ने जोड जम्मामा निर्भर गरिएको छ। लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अनुसार तयार गरि स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिमको जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा लेखापरीक्षण नीति मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमासमेतको आधारमा परिक्षण गरी तयार गरिएको लेखापरीक्षणको मस्यौदा प्रतिवेदन उपर व्यवस्थापनसंगको बहिर्गमन बैठकमा छलफल गरि कायम भएको व्यहोरा सहितको प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षणको क्रममा प्रतिवेदनको यथार्थता र पर्याप्तताको निम्ति पुष्टयाई समेत संकलन गरी त्यसका आधारमा यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा देखिएका व्यहोरा मध्ये तत्काल प्रमाण पेश हुन आएका व्यहोरालाई यो प्रतिवेदनमा समावेश गरिएको छैन । पूँजीगत खर्चतर्फ रु लाख भन्दा बढी भुक्तानी भएका खर्चका गोश्वारा भौचरहरुको नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरिएको छ । उल्लिखित आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१२।१० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन्	
३			**एकिकृत आ.वि.** **स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७7।७8 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।	

सि.नं.	आय तर्फ			सि.नं.	व्याय तर्फ			कै.
सि.नं.	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम	
१	गत वर्षको जिम्मेवारी		११३,५८८,८७८।४९	१	चालु खर्च		४९०,१२५,२२२।३७	
	क) नगद			२	पुंजीगत खर्च		२७३,९७९,०७७।००	
	ख) बैंक	११३,५८८,८७८।४९						
२	राजस्व		१८४,५०३,३१५।७९	३	धरौटी फिर्ता		६,३२०,०६८।००	
	क) आन्तरिक राजस्व	३८,५१८,६३८।०८						
	अ) कार्यालय आन्तरिक	३१,५१८,६३८।०८		४	कोष खर्च		२५,७८८,८००।००	
	आ) जि.स.स बर्दिया	७,०००,०००।००			अ) विविध कोष	२,१९३,८०३।००		
	इ) अन्य				आ) प्रकोप व्यवस्थापन कोष	२३,५९४,९९७।००		
	ख) राजस्व बांडफांड	१४५,९८४,६७७।७१						
	अ) संघीय सरकार	११०,४६४,८०३।३४		५	मौज्दात		९०,४५६,१२७।३५	
	आ) प्रदेश सरकार	१५,३४०,६७८।३७			क) नगद मौज्दात			
	ई) मालपोतबाट	२०,१७९,१९६।००			ख) बैंक मौज्दात	२७४,८४२,४३०।७६		
३	वित्तिय हस्तान्तरण (संघीय सरकार)		५६४,०५८,३०७।००		अ) सञ्चित कोष	५,७६६,०२०।०५		
	क) समानीकरण अनुदान	१७६,६००,०००।००			आ) चालु खर्च खाता	१२१,७०२,६३७।०३		
	ख) सशर्त अनुदान	३८७,४५८,३०७।००			इ) पुंजीगत खर्च खाता	१०१,८२६,५२८।९१		
	ग) समपुरक अनुदान	(			ई) विविध खर्च खाता	९,०००,०००।००		
	घ) विशेष अनुदान	(			उ) आन्तरिक राजस्व खाता	३,७८९,६१७।०८		
४	वित्तिय हस्तान्तरण (प्रदेश सरकार)		५०,९२४,०००।००		ऊ) बांडफांडवाट प्राप्त राजस्व खाता	२९,१४५,७८६।६९		
	क) समानीकरण अनुदान	६,०७४,०००।००			ए) आन्तरिक अनुदान खाता	३,६११,८४१।००		
	ख) सशर्त अनुदान	१७,८५०,०००।००						
	ग) समपुरक अनुदान	२०,०००,०००।००			ग) साट्न बांकी चेक रकम	१८४,३८६,३०३।४१		
	घ) विशेष अनुदान	७,०००,०००।००			अ) चालु खर्च खाता	९०,२०१,६७८।९६		
५	अन्य आम्दानी		९,३६०,९०२।५०		आ) पुंजीगत खर्च खाता	९४,१८४,६२४।४५		
	क) सडक वोर्ड नेपाल	९,०००,०००।००			घ) को.ले.नि.का फिर्ता		६७,५१४,०७४।५६	
	ख) अन्य आई टी तलव	३६०,९०२।५०			अ) संघीय सशर्त फिर्ता	६३,३०१,२७८।५६		
५	विभिन्न कोष तर्फको आय		८२,१८०,७०६।४६		आ) प्रदेश सशर्त फिर्ता	४,२१२,७९६।००		
	क) गत वर्षको जिम्मेवारी	२४,३४६,११४।४६						
	अ) विविध कोष	१,४९,८६,३१८।४९		६	धरौटी मौज्दात		१४,०२२,१०९।६६	
	आ) प्रकोप							

https://nams.oag.gov.np

	आ) प्रकोप व्यवस्थापन कोष	६,५५९,७९५।९७						
	ई) अन्य प्राप्त	२८,००,०००।००						

	ख) यस वर्षको प्राप्ति	५७,८३४,५९२।००		७	कोष मौज्दात		५६,३९१,९०६।४६	
	अ) विविध कोष	५,२००,१२०।००			अ) विविध कोष	२०,७९२,६३५।४९		
	आ) प्रकोप व्यवस्थापन कोष	५२,६३४,४७२।००			आ) प्रकोप व्यवस्थापन कोष	३५,५९९,२७०।९७		
६	जनसहभागिता (नगद)							
७	को.ले.नि.का बाट प्राप्त रकम		१६४,५४५,१११।५७		अन्य मौज्दात			
	क) सामाजिक सुरक्षा	१५१,०४२,५६५।५७			क) विविध खर्च खाता		३६०९०२।५	
	ख) महिला तथा बालवालिका विभाग	३००,०००।००						
	ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	९,८४१,७४५।००		८	को.ले.नि.का मार्फत खर्च रकम		१६४,५४५,१११।५७	
	घ) स्वच्छ वातावरण कार्यक्रम	१,३३१,८०१।००			क) सामाजिक सुरक्षा	१५१,०४२,५६५।५७		
	ङ) गरिव संग विश्वेश्वर कार्यक्रम	५२९,०००।००			ख) महिला तथा बालवालिका विभाग	३००,०००।००		
	च) प्रदेश सरकार	१,५००,०००।००			ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम	९,८४१,७४५।००		
८	धरौटी आय		२०,३४२,१७७।६६		घ) स्वच्छ वातावरण कार्यक्रम	१,३३१,८०१।००		
	क) गत वर्षको जिम्मेवारी	१३,९५४,२६८।६६			ङ) गरिव संग विश्वेश्वर कार्यक्रम	५२९,०००।००		
	ख) यस वर्षको प्राप्ति	६,३८७,९०९।००			च) प्रदेश सरकार	१,५००,०००।००		
	जम्मा		१,१८९,५०३,३९९।४७	घ	जम्मा		१,१८९,५०३,३९९।४७	

https://nams.oag.gov.np

४			**वित्तीय विवरण** **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ ।	
५			**कानून निर्माण एवं कार्यान्वयन**	
५.१			कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 8 वटा ऐन, 0 वटा नियमावली, २४ वटा कार्यविधि ११ निर्देशिक र 5 नर्मस लगायत 37 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	
५.२			न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 0 र यो बर्ष थप भएको 9 गरी कुल 9 विवाद दर्ता भएकोमा 8 वटा मात्र फछ्र्यौट भई	

			1 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
६			**पदाधिकारी सुविधा र विविध खर्च**	
६.१			**स्थानीय तहका पदाधिकारी** सुविधा : पालिकाले यस आर्थिक वर्षमा यातायात सुविधा पत्रपत्रिका टेलिफोन अतिथि सत्कार लगायतमा रू 12930000।- पदाधिकारी सुविधा भूक्तानी गरेको छ ।	
६.२			**स्वकीय सचिव र सल्लाहकार** – लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर कानुनी सल्लाहकारको रुपमा संजिव कुमार कर्णलाई मासिक रु.20000/- का दरले भुक्तानी हुने गरी रु.२४०000/- तथा प्रेस सल्लाहकारका रुपमा ज्योती पन्थी लाई मासिक रु १५०००/- का दरले भुक्तानी गरी रु.१८००००/- गरी कुल रु. ४२०000/- खर्च लेखी थप व्ययभार पारेको रु	४२०,०००
६.३			र्थिक सहायता – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.2100000/- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
६.४			खाना तथा विविध खर्च – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष रु २५ लाख खाना तथा विविध खर्चमा भूक्तानि गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
६.५			महोत्सव तथा अन्य खर्च – स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.३४६५८१/- खर्च गरेको छ ।यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।	

७			**पेश्की व्यवस्थापन**	
७.१			पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्योट हुनुपर्दछ । कार्यालयबाट देहाय अनुसार संस्था, निर्माण व्यवसायीला‍ंइ,कर्मचारि तथा उपभोक्ता समितिलाई भुक्तानी भएको पेश्की रु. 2095000 म्याद नाघेको देखिन्छ । म्याद नाघेको पेश्की नियमानुसार पेश्की फछ्र्योट हुनुपर्ने रु.	२,०९५,०००
७.२			मोविलाईजेशन पेश्की बाँकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ।कार्यालयबाट देहाय अनुसार मोविला‍ंइजेशन पेश्की नियमानुसार फछ्र्यौट हुनु पर्दछ ।	

पेश्की लिएको मिति	पद	पेश्की रकम
2078/03/22	सहकारी	2,000,000
2077/07/04	कर्मचारी	70,000
2077/12/26	कर्मचारी	25,000
जम्मा		2095000

सि.न.	पेश्की लिनेको नाम	वापत	जम्मा
1	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया	त्रिशक्ती भवन निर्माण वडा न. 1	200000.00
2	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया	बालविकास भवन निर्माण वडा न.11	165000.00
3	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया	बालविकास भवन निर्माण वडा न.11	165000.00
4	अमन कन्स्ट्रक्सन कम्पनि गुलरीया	बालविकास भवन निर्माण वडा न.11	200000.00
5	एल्.डी.कन्स्ट्रक्सन बाँसगढी	भवन निर्माण वडा न. 1	400000.00
6	एल्.डी.कन्स्ट्रक्सन बाँसगढी	भवन निर्माण वडा न. 1	90000.00
7	पुष्पाञ्जली पि एस् जे.भि.	कालोपत्रे सडक निर्माण	5800000.00
जम्मा			7020000.00

८			**कोभिड -19 तर्फ**	
८.१			जोखिम भत्ता- नेपाल सरकारद्धारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । तर पालिकाले अग्रपंतिमा खटेका स्वास्थ्यकर्मी, प्रशासनिक कर्मचारी जनप्रतिनिधिलाई समेत कोरोना जोखिम भत्ता भूक्तानी गरेकोले सम्वन्धित बाट असुल गर्नुपर्ने रु.	१०९,४८०

क्र.स.	कर्मचारीको नाम	पद	कर कट्टा गरि भूक्तानी रकम
1	प्रताप कुमार गौतम	वडा अध्यक्ष	13600.00
2	राम वहादुर रावल	वडा अध्यक्ष	27880.00
3	सावित्रा गौतम	वडा अध्यक्ष	20400.00
4	नैन बहादुर सुनार	न.का.स.	13600.00
5	विष्णु कुमारी शर्मा	न.का.स.	20400.00
6	शान्ता परियार	न.का.स.	13600.00
जम्मा			109480.00

८.२

आम्दानी र खर्चको विवरणः कोभिड-१९ रोकथाम तथा नियन्त्रणको खर्च र आम्दानी व्यवस्थापनको लागि कार्यालयले प्रकोप व्यवस्थापन कोषको स्थापना गरी 2078 असार मसान्तसम्मको आम्दानी र खर्चको विवरण पेश गरेको छ । कार्यालयले उपलब्ध गराएको विवरण निम्नानुसार रहेको छ ।

बजेट/आम्दानीको स्रोत	२०७८ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७८ असार मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट		राहात वितरण	
प्रदेश सञ्चित कोषबाट		क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	१३३८०८८७।९७	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	३३४९५१३
संघीय कोभिड कोषबाट		जनशक्ति परिचालन	२७५४९२०
प्रदेश कोभिड कोषबाट		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	३६०३६३९
अन्य स्रोतबाट प्राप्त हेफर इन्टरनेसनल	१००००००	स्वास्थ्य पूर्वाधार निर्माण	
प्रदेश मुख्यमन्त्री कार्यक्रम	१५७६६७१	अन्य शीर्षकमा भएको खर्च	६८७२१६
		बाँकी	५५६२२७०।९७
जम्मा	**१५९५७५५८.९७**	जम्मा	**१५९५७५५८.९७**

८.३			औषधी, स्वास्थ्य सामग्री एवं उपकरण खरिद- स्थानिय तहले कोरोना रोग रोकथाम तथा नियन्त्रणको लागि 64 प्रकारका औषधिहरू रू. 3,605,908 मा खरीद गरेको विवरण पेश गरेको छ ।	
८.४			औषधी स्वास्थ्य सामग्री एवं उपकरण प्राप्ति – पालिकाले विभिन्न संघ संस्था बाट 67 प्रकारका सामाग्रिहरु प्राप्त गरी प्रयोग	

विवरण पेश गरेको छ ।

८.५

केस ईन्भेष्टीगेशन तथा कन्ट्र्याक्ट ट्रेसिङ्ग - स्थानिय तहले यस सम्वन्धमा निम्नानुसारको विवरण पेश गरेको छ

सि नं ++=	बिबरण	टिम गठन संख्या	खर्च रकम	खोज पडताल गरिएका केश संख्या	खोज पडतालबाट पहिचान भएका संक्रमित	कैफियत
1	CICI	३	०	२५०	१००	

८.६

आईसोलेशन व्यवस्थापन सम्बन्धी बिबरण - पालिकामा निम्नानुसारको आईसोलेशनकेन्द्र रहेको छ ।

क्रस	यस निकायले तयार वा सञ्चालन गरेको आईसोलेशन केन्द्रको नाम	निर्माण खर्च	बेड संख्या	आईसोलेशन केन्द्रमा बस्नेहरुको संख्या		ब्यबस्थापन प्रयोजनको खर्च
				दैनिकरुपमा बसेको अधिकतम संख्या	आषाढ मसान्त सम्म आईसोलेशन केन्द्रमा बसेकाहरुको कुल संख्या	
	महिला विकास भवन		२५	१०	२९	
	कवर्ड हल		९२	२०	४०	
	जि स स भवन		२३	१०	७०	
	जम्मा ३ थान		१४३	४०	१४९	३२१२८००

८.७

https://nams.oag.gov.np

			बार्षिक प्रतिवेदनः विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ।पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन।ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ।		
९			**कोभिड-** विशेष परिस्थिति खरीदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ।कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ।खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।ऐनमा भएको व्यवस्था कार्यान्वियनमा ध्यान दिनुपर्छ .		
१०			**अनुदान**		
१०.१			अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण अनुदान वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले खर्च भई बाँकी रहेको संघिय सरकारको रकम रू.63301278.56 र प्रदेश सरकारलाई रू.4212796.00 गरी जम्मा रू.67514074.56 सनिम्नानुसारको बाँक रकम फिर्ता गरेको छ ।		
१०.२			लागत सहभागिता — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।		

१०.३			प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ	
११			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**	
११.१			प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत र ईन्जिनियरको पदपूर्ती भएको र २७ विभिन्न पद रिक्त देखिन्छ ।	
११.२			कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवाकरारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २२ जना कर्मचारीहरु करारमा राखि रु. ६४,८३,८८० खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचेलगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १७ जना करार नियुक्ति गरी बर्ष भरीमा भुक्तानी गरेको रु	३,८५६,७२०

११.३			**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन वापत प्रमुख प्रशासकीय अधिकृत लाई रु.1५000/- उप सचिवलाई रु.१३००० सातौं लाई रु.१०000/- छैठौंको रु. ८000/- पांचौको रु. ७०००/- चौथोको रु.६०००/- तथा का. स. को रु.५000/- र रु रु.४०००/- का दरले प्रोत्साहन भत्ता खर्च अनियमित भएको रु.	४,२६३,०००
११.४			यस प्रयोजनमा लागु नहुनेसोलारवत्ती जडान र वारेण्टीः २१३...०७७।३।३१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ अनुसार खरिद गर्नु पूर्व खरिद योजना वनाउनु पर्ने र खरिद योजना वनाउनु पहिले खरिद आवश्यकताको पहिचान हुनुपर्ने उल्लेख छ । कार्यालयले नागरिक इनर्जी डेभलपमेन्ट कं.प्रा.लि. सँग सोलारवत्ती सोझै खरिद गरेको तथा वारेण्टीको व्यवस्था गरेको पाइएन ।त्यस्तै नवीकरणीय उर्जा प्रविधिमा प्रयोग हुने उपकरण तथा तिनका पार्टपूर्जाहरूको गुणस्तर परीक्षण बैंकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबाट गराउनु पर्नेमा प्रावधान समेत पुरा नगरी खरिद गरेकोले पालिकाले यस्ता कार्यमा सुधार गर्नुपर्दछ ।	

				गो.भौ.न. मिति	सौर्य वत्ति जडान	भूक्तानी रकम रु.
				276 2077/09/23	वडा न. ४ अन्तरगत	300000.00
				312 2077/10/04	वडा न. 5 अन्तरगत	212720.00
				328 2077/10/06	वडा न. 8 अन्तरगत	266538.00
						779258.00

११.५			वडा कार्यालयबाट खरिद - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयको खरिद व्यवस्थापन सम्बन्धमा परीक्षण गर्दा वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद गर्दा वडा कार्यालय आफैले माग फारम तयार गर्ने, खरिद आदेश दिने, वडामै जिन्सी दाखिला भएको भनी विल सहित भुक्तानीको लागि माग गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखियो। बजेट संचालन गर्ने निकायवाट सामग्री खरिद गरी जिन्सी अभिलेखमा चढाई हस्तान्तरण मार्फत वडा कार्यालयमा दिनुपर्ने र वडाले आफूले प्राप्त गरेको सामग्री जिन्सी आम्दानी गर्नुपर्नेमा सो नगरेको कारण एकिकृत जिन्सी अभिलेख तयार भएको देखिएन। यस्तो कार्यमा पालिकाले सुधार गर्नुपर्दछ ।	
१२			**आन्तरीक नियन्त्रण**	
१२.१			**आन्तरीक नियन्त्रण** १ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। २ साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।	

३ राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा ल्याएको पाईएन ।
५ स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वयन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
६ दिगो बिकास योजना (२०१५-३०) कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
७ पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको एकीकृत अभिलेख देखिने गरी खप्ने एवं खर्च हुने सामानको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन पालिकाले जिन्सी निरिक्षण गरी प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा जिन्सी निरीक्षण नै गरेको पाईएन ।
८ कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
९ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेको पाईएन।
१० स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक रुपमा मात्र गुणस्तर परीक्षण गर्ने गरेको छ। ११ स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको छैन।
११ सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत संभार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

https://nams.oag.gov.np

			१२ संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार दर्ता हुने गरेको पाइएन । १३ सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन । १४ निजामती सेवा ऐन, 2049 को वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गर्नुपर्नेमा गरेको पाईएन । १५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । १६ वडामा उठ्ने राजस्वको लक्ष्य निर्धारण गरेको छैन । १७ आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गराउने कार्य नियन्त्रण गर्नुपर्नेमा सो गरेको छैन । १८ राजस्व प्राप्तीको दायरालाई प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याएको छैन। १९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 को दफा 4 बमोजिम सबै श्रोतबाट भएको प्राप्ति र खर्चको विवरण प्रदेश लेखा नियन्त्रक तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको छैन । २० विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडी वढाएको देखिएन । २१ अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वयन गरेको पाइएन । २२ विविध खर्चमा नियन्त्रण नगरेको, कतिपय विविध खर्चको प्रयोजन नखुलाई विल राखी भुक्तानी भएको देखिन्छ । २३ जिन्सी खाता, बैक नगदी किताव, लेजर खाता एवं राजश्व असुलीमा प्रयोग हुने खाता प्रमाणित गरी श्रेस्ता अद्यावधिक नगरेको/ एउटा पेश्की बाँकी छँदै अर्को पेश्की दिने गरेको देखियो । २४ आम्दानी तर्फ रसिद नियन्त्रण खाता एवं म.ले.प.फा.नं.(साविक) १०८ र २३ जस्ता खाता नराखि सिधै आम्दानी गर्ने गरेको छ। २५ चालु वर्षमा सम्पन्न गर्नुपर्ने कामको लागि दिएको पेश्की समेत समयमा पेश्की फछ्र्यौट नगरेको, उपभोक्ताको पेश्कीको लेजर तयार गरी प्रमाणित नगरेको।		
१२.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको पाईयो ।		

शिर्षक	बार्षिक बजेट
खर्च तर्फ	बार्षिक खर्च रकम
मर्मत खर्च	3,514,000.00
ईन्धन खर्च	3,999,000.00
अनुगमन खर्च	1,012,500.00
भ्रमण खर्च	1,566,000.00
सेवा परामर्श खर्च	480,000.00
बैठक भता	1,040,000.00

• भ्रमण अभिलेख नराखी तथा भ्रमणको स्पस्ट उदेश्य वेगर कतिपय पालिका क्षेत्र भित्रै भ्रमण तथा अनुगमन गरेको आधारमा भ्रमण खर्च लेखेको पाईयो । • मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । • निश्चित उदेश्य सहित बिशेष परिस्थितिमा मात्र कानुन द्वारा गठित समितीको बैठकमा मात्र बैठक खर्च लेख्न पाईने व्यवस्था विपरित कार्यालयका पदाधिकारी कर्मचारीहरुलाई कार्यालयकै नियमित कार्य सम्बन्धमा भएका बैठकको भता दिएको पाईयो । • विविध खर्चको प्रयोजन नखुलेको आवस्यकता आंकलन नगरी खर्च गरेको तथा प्यान विल राखी एउटै पार्टीवाट पटक पटक गरी सिमा भन्दा बढी खरिद गरि भुक्तानी गरेको पाईयो • सवारीलग बुक बेगर ईन्धन खर्च गरेको पाईयो । यस्ता खर्चहरुमा नियन्त्रण हुनु पर्दछ ।

१२.३ बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. 27 करोड 39 लाख ७९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो

			खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१२.४			विपद् व्यवस्थापन वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
१२.५			राजस्व आम्दानी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । नगरपालिकाले कुन वडालाई कतिवटा नगदी रसिद पठाएको हो सो मध्ये कति खर्च भयो र कति वाँकी छन उक्त वडावाट कति आम्दानी भयो जस्ता अभिलेख पेश नगरेको कारण राजस्व आम्दानी भिडान एवं यकिन गर्न सकिएन । राजश्व दाखिला : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन 2076 को दफा 28 मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ ।आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएपश्चात वडा न. 12 का वडा सचिव टिकाराम गुप्ताले 10 प्रतिशत जरीमाना सहित 186530।– मिति 2078/12/02 मा दाखिला गरेको विवरण प्राप्त भएको छ । साथै वडा न.९ का वडा सचिव राम प्रसाद चौधरीले वडा कार्यालयमा उठाएको राजश्व रु.476740.00 मध्ये रु.112790.00 मात्र दाखिला गरेको देखिएको र दाखिला गर्न बाँकी रकम रु.363950.00 को 10 प्रतिशतले लाग्ने जरिवाना रु.47674.00 समेत गरि जम्मा रु.411624.00 असुल गर्न बाँकि रहेको आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा औल्याएकोमा विभिन्न २ मितिमा रु.269570.00 बैंक दाखिला भएको प्रमाण पेश भएको छ र असुल हुन बाँकी रकम रु.142054।– असुल हुनुपर्नेमा लेखापरीक्षणका क्रममा असुल भएको छ ।	
१३			**संपति हस्तान्तरण**	

१३.१			सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
१३.२			हेभी इक्विपमेण्टको प्रयोग — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित निम्न योजनाका उपभोक्ता समितिहरुले शतप्रतिशत डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसरी शत प्रतिशत कार्य मेशिनवाट हुने कार्य उपभोक्तावाट गराउदा उपभोक्ताले निर्माण व्यवसायी वा सवकन्ट्याक्टरवाट गराउने गरेको देखिएकोले यस यस्तो कार्य नगरपालिकाले नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ । ।	
१३.३			डोजर, लोडर, एक्साभेटर : पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाले नगण्य आम्दानी गरेको छ भने पालिकाद्धारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।	
१३.४			डोजर, लोडर, एक्साभेटर : पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाले नगण्य आम्दानी गरेको छ भने पालिकाद्धारा संचालित योजनामा समेत	

			यसको प्रयोग भएको पाईएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।	
१४			**बजेट तथा कार्यक्रम**	
१४.१			बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिका उप प्रमुख श्री शुसिला गिरीले रु.90 करोड 22 लाख 73 हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७7।०३।३० मा पारित भएको छ ।	
१४.२			बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
१४.३			बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय	

			क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
१४.४			चौमासिक खर्चः - आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
१४.५			लक्ष्य प्रगति : पालिकाले चौमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।	
१४.६		२०७८-१२-२८	स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	

१४.७		२०७८-१२-२८	योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २077/78 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजनाको विवरण पेश भएन ।पालिकाले यस वर्ष साना रकमका धेरै योजनाहरु संचालन गरेको छ । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।	
१४.८			यस प्रयोजनमा लागु नहुनेआन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०77।७8 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । **केन्द्रिय अनुदानबाट खर्च** / **आन्तरिक आय** / **आन्तरिक आय प्रतिशत** ७६६४२९ / ३४८०७ / ४.५	
१४.९			आन्तरिक आयः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल कर उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आयशीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृतसम्पत्ति कर र घरजग्गा कर	**6500000.00**	**6751481.00**	**103.87**
घरजग्गावहाल कर	**1000000.00**	**2623901.54**	**262.39**
व्यवसायकर	**1200000.00**	**1419488.00**	**118.29**
वहालविरौटी शुल्क	**4500000.00**	**53420.00**	**1.19**
जम्मा	**13200000.00**	**10848290.54**	**82.18**

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

१४.१० आय बक्यौता – स्थानीय सरकार संचालन ऐन, २०७४ मा कर शुल्क उठाउने व्यवस्था छ । आय ठेक्का वापतको रकम सम्झौतानुसार समयमा असुल गरि आन्तरिक स्रोत परिचालन गर्नुपर्नेमा बक्यौता रकम असुल गरेको छैन ।नियमानुसार हर्जना समेत गणना गरि असुल हुनु पर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख भएकोमा सो गरेको देखिएन ।

राजस्व आम्दानी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । नगरपालिकाले कुन वडालाई कतिवटा नगदी रसिद पठाएको हो सो मध्ये कति खर्च भयो र कति वाँकी छन उक्त वडावाट कति आम्दानी भयो जस्ता अभिलेख पेश नगरेको कारण राजस्व आम्दानी भिडान गर्न सकिएन ।

https://nams.oag.gov.np

आय ठेक्का शीर्षक	ठेकेदारको नाम	बक्यौता रकम
पशुहाट बजार	अब्दुल रहमान गद्दि	४४०२८८०
पशुहाट बजार	राजेन्द्र कुमार यादव	७९०७८७
माछा पालन सर्यु नदि	श्याम पन्त	५४८६५६
अस्थायि पसल कर	हरि प्रसाद पासी	४२१४१
जम्मा		५७८४४६४

१५

सेवा प्रवाह

सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	नागरिकता सिफारिस	२४४१	२४४१
२	घरबाटो सिफारिस	१२५४	१२५४
३	नाता प्रमाणित	१०७५	१०७५
४	जन्म, मृत्यु दर्ता	२६७९	२६७९
५	अन्य	१२७२१	१२७२१

१६			**विविध**	
१६.१			सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
१६.२			गैर सरकारी संस्थाबाट कार्य – सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ मा भएको व्यवस्था बमोजिम जनचेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सवलीकरण मुल प्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्था बाट गराउन सक्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा त्यस्तो कार्य १० लाख रुपैया सम्मको हुनुपर्ने र उक्त संस्था कानूनवमोजिम दर्ता भै सम्बन्धित सार्वजनिक निकायको मौजुदा सुचिमा समावेश भै नियमानुसार छनौट हुनुपर्ने व्यवस्था छ । नमुना छनौटको क्रममा पालिकाले निम्नानुसारका गैह्र सरकारी संस्थाबाट विभिन्न कार्यक्रम सञ्चालन गरेकोले कार्यालयमा आउने सेवाग्राहिलाई समन्वय र सहजीकरण गर्ने कार्य कार्यालयको नियमित जनशक्तिबाट सम्पादन हुनुपर्नेमा यस प्रकृतीको कार्य गैरसरकारी संस्था मार्फत गराईनु उचित नदेखिएकोले नियन्त्रण हुनुपर्दछ ।	

https://nams.oag.gov.np

भौ न. मिति	गैह्र सरकारी संस्थाको नाम	भूक्तानी रकम रु.
63 2077/06/23	वर्दिया जिल्ला बार एशोसियसन	99989.00
296 2077/09/27	ग्रामिण समाज उत्थान मंच नेपाल	245000.00
492 2077/12/11	सामाजिक विकास अभियान नेपाल	100000.00
893 2078/03/29	ग्रामिण उत्थान समाज	500000.00
462 2077/12/05	आत्मनिर्भर तालिम केन्द्र	296060.00
700 2078/03/13	वागेश्वरी असल शासन क्लव	250000.00
487 2077/12/10	ग्रामिण समाज उत्थान नेपाल	350000.00
जम्मा		1841049

१६.३			अनुत्पादक खर्च- 104 2077/07/02 वडा न.२ का महिलाहरुको लागि रु.350 वटा धोति रु.375929।-मा खरिद गरि वितरण गरेको छ। कार्यक्रम प्राथमिकिकरण एवं छनौट गर्दा अनुत्पादक,वितरणमुखी र उपयोगमा जोड दिएको देखिएकोले उत्पादन एवं रोजगारीमा वृद्धि हुने र छिटो एवं दिगो प्रतिफल दिने कार्यक्रममा प्राथमिकता दिनुपर्ने देखिन्छ	
१६.४			मायाँको चिनो वितरण- 641 2078/03/08 न्यायिक समिति सञ्चालन खर्च अन्तरगत 2077/08/22मा वर्दिया जिल्लाका सबै स्थानिय तहका न्यायिक समितिका संयोजकहरुको अन्तरक्रीया कार्यक्रममा निम्नानुसारको मायाको चिनो वितरण गरेको पाईयो ।	

https://nams.oag.gov.np

क्र.स.	वितरण गरेको सामाग्री	गोटा	खर्च रकम रु.	पाउने व्यक्ती
1	राम्रो धोति	12 थान	10800	वर्दिया जिल्लाका स्थानिय तहका न्यायिक समितिका संयोजकहरु 7 जना ,गुलरीया नगरपालिकाका न्यायिक समितिका सदस्य 2 जना,बार सचिव 1 जना महिला तथा वालवालिका शाखा 1 जना
2	सल	12 थान	18000	
3	सुट राम्रो	12 थान	19200	
जम्मा			48000.00	

सरकारी कोषबाट सुविधा तथा तलव भत्ता प्राप्त गर्ने पदाधिकारीहरुले नै यस्ता अनुत्पादक खर्चमा सरकारी कोषको प्रयोग गर्ने गरेको पाईयो । यस्ता कार्यमा नियन्त्रण गरी उत्पादन तथा रोजगारी श्रृजना गर्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ ।

१६.५			कोरोना रोग उपचार खर्च- निजामति कर्मचारीहरुलाई निजामति सेवा ऐन तथा नियमावलिमा भएको सेवा तथा सुविधा मात्र भूक्तानी दिनुपर्ने व्यवस्था ऐनमा रहेको छ ।साथै स्थानिय तहका जनप्रतिनिधिहरुले लुम्विनी प्रदेशको स्थानिय तहका पदाधिकारीहरुले प्राप्त गर्ने सुविधा सम्वन्धी ऐनको अनुसुचिमा भएको सुविधा मात्र भूक्तानि हुनुपर्दछ ।नेपाल सरकारले बजेट भाषण मार्फत राष्ट्र सेवक कर्मचारीको लागि रु. १ लाख सम्मको विमा गरीदिने व्यवस्था गरेको छ । पालिकाले कोभिड-19 उपचारको लागि निम्नानुसारको रकम भूक्तानी गरेको देखिएकोले कानुन विपरित भूक्तानी भएको रकम अनियमित भएको रु	६६९,०००

क्र.स.	पद	भूक्तानि भएको व्यक्ती	भूक्तानी रकम रु	कैफियत
1	प्रमुख प्रशासकिय अधिकृत	प्रकाश देवकोटा	379000.00	
2	वडा न. 9 वडा अध्यक्ष	हरि प्रसाद पासी	290000.00	३ पटक भूक्तानी वडा तथा नगरको निर्णय
			669000.00	

१७			**शिक्षा तर्फ**	
१७.१			**विद्यालयगत निकासा खाताः** कार्यालयले विद्यालयलाई दिएको चौमासिक निकासाको विद्यालयगत निकासा अभिलेख खाता राखेको हुनु पर्दछ । कार्यालयले विद्यालयगतलाई दिएको निकासाको विधालयगत निकासा अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखि दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।	
१७.२			**सामुदायीक विद्यालयको गुणस्तर** - स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
१७.३			छात्रावृत्ति निकासा –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख छ । पालिकाले छात्रवृतिका लागि ४७ वटा विद्यालयलाई रु.३८८००००।०० सम्बन्धित विद्यालयको खातामा जम्मा गरेको छ । पालिकामा	४०,२००

रहेको ४७ विधालय मध्ये १० विधालयलाइ नमूनाको रुपमा छनौट गर्दा निम्न व्यहोरा देखिएको छ। पालिका वाट निम्न विधालयलाइ वढि निकासा दिएको देखिएकोले पालिका अन्तरगतका अन्य विद्यालयमासमेत बढी निकासा भएको हुन सक्ने भएकोले पालिका आफैंले एकिन गरि असुल गर्नु पर्दछ । निम्न विधालयलाइ वढी निकासा रकम सम्वन्धित विधालय वाट असुल गर्नु पर्ने रु ४०२००।००

विद्यालयको नाम	छात्रावृत्ति निकाशा रकम	छात्रा वृत्तिमा भएको खर्च रकम	वढी निकासा
वगलामुखी मा वि	145600	135200	10400
म क दे मा वि	147600	137000	10600
ने रा आ वि सुहेलवा	67200	56800	10400
गायत्रि आ वि टेपरी	161200	158000	3200
हिमालि आ वि चौगुर्जि	102800	100000	2800
भानुभक्त प्रा वि आशापुर	74800	72000	2800
	जम्मा		40200

क्रम	**कर्मचारीको/फर्म/संगठन नाम**	**असुली रकम**
१७.३.१	तालिकामा उल्लेख भए वमोजिम	४०,२००

क्रम			विवरण	रकम
१७.४			पाठ्यपुस्तक सोधभर्ना- पालिकाले विद्यालयहरुलाई पाठ्य पुस्तक खरिदको रकम शोधभर्ना गर्दा विद्यालयले खरिद गरेको पुस्तकको संख्या र अध्ययनरत विद्यार्थी संख्यामा जुन घटि हुन्छ सोही संख्याको पुस्तकको रकम सोधभर्ना गरेको हुनुपर्दछ । पालिकावाट यस वर्ष पाठयपुस्तक वापत ४७ विधालयलाइ रु १२८-07८/३/३१ बाट रू.१२५३८१०।०० निकासा गरेकोमा १० विधालयहरुलाइ नमुना छनौटको रुपमा परीक्षण गर्दा देहायका विद्यालयहरुलाई दिनुपर्ने भन्दा बढी निकासा	२१३,५५२

सोधभर्ना गरेको देखियो । यस्तै पालिका अन्तरगतका अन्य विद्यालयमासमेत बढी निकासा भएको हुन सक्ने भएकोले कार्यालय आफैंले एकिन गरि असुल गर्नु पर्दछ । साथै देहाय अनुसारका विद्यालयहरुबाट उक्त रकम असुल गनु पर्ने रु. २१३५५२।००

क्र स	विधालयको नाम	निकासा रकम	विधालयको विलमा भएको खर्च र पुस्तक विरणको भरपाइ अनुसार	वढि निकासा भइ विधालय वाट फिर्ता हुनु पर्ने
1	म क दे मा वि गुलरिया	665039	546498	118541
2	ने रा श श मा वि खैरापुर	566270	564569	1701
३	ध्रुव मा वि तुल्सीपुर	503534	428121	75413
4	ने रा आ वि सुहेलवा	111924	103923	8001
५	गायत्रि आ वि टेपरी	331853	321957	9896
	जम्मा			२१३५५२।००

क्रम	**कर्मचारीको/फर्म/संगठन नाम**	**असुली रकम**
१७.४.१	तालिकमा उल्लेख भए वमोजिम	२,१३,५५२

१८			**स्थानीय खरिद**	

१८.१			**बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु27,39,79,077 पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
१८.२			**कन्टिन्जेन्सी खर्चको अभिलेख** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
१८.३			**गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	
१८.४			**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि अभिलेख राखी उक्त अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार नगरी अन्तिम बिल भुक्तानीमा नै कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छ । कार्य	

			स्विकार प्रतिवेदन जारी नगरी कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्र्इङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।	
१८.५			**सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।	
१९			**शर्शत चालु**	
१९.१			प्रमाण पेश: सार्वजनिक खरिद नियमावली २०६४ नियम १२३□१ घ□ अनुसार खरिद सम्झौता अनुसार कार्य सम्पादनको आधारमा र आर्थिक कार्यविधी तथा वितीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ को ३ बमोजिम आवस्यक प्रमाण कागजात सहित भुक्तानी गर्नु पर्दछ । पालिका वाट म्याक्सवेल प्रिन्ट्रस प्रा लि लाइ १७७० थान स्वअध्ययन पुस्तिका खरिद वापत रु ४९६०२४।८० भुक्तानि दिएकोमा ३०३ थान पुस्तकको वितरण भरपाइ पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने रु ८४९१२।७२	८४,९१३
१९.२			**प्रदेश र स्थानीय तहको कार्यविधिः** प्रदेश सरकारले सार्वजनिक खर्च मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को दफा ७ मा संयोजक र सहजकर्ता भत्ता स्थानीय स्तरमा रु। ४००, एक कार्यक्रममा एक जनालाई दिने, प्रतिवेदन लेखन रु। १००० सहयोगी कर्मचारीलाई रु। २००, स्रोत व्यत्तिलाई कार्यपत्र वापत रु ७०० गरी रु। १५०० दिने व्यवस्था गरेकोमा प्रदेशले बनाएको मापदण्ड सँग बाझिने गरी संयोजक भत्ता रु २५०० सम्म , आन्तरिक स्रोत व्यत्तिलाई रु १५०० सम्म, सहयोगि कर्मचारी पारिक्षमिक रु ३००, प्रतिवेदन लेखन रु २५०० सम्म दिने गरी मापदण्ड स्वीकृत गरेको र अन्य समितिहरुको वैठक भत्ता रु १५००,नगरपालिक भित्र अनुगमन तथा मूल्यांकन भत्ता रु १५००,वोलपत्र तथा दरभाउ पत्र खोल्ने प्रयोजनको लागि रु १५००।०० दररेट कायम गरेको देखियो । स्थानीय तहले मापदण्ड कार्यविधि लगायत ऐन नियमहरु बनाउदा संघीय तथा प्रदेशका मापदण्ड कार्यविधिसँग नबाझिने गरी बनाउनु पर्दछ ।	

क्र सं	कार्यक्रमको विवरण	अर्थ मन्त्रालय अनुसार	प्रदेश आर्थिक मामिला मन्त्रालय अनुसार	पालिका अनुसार
१	संयोजक भत्ता	३००	४००	१५०० सम्म
२	स्रोत व्यक्ति पारिक्षमिकआन्तरिक	१५००	१०००	१५००
३	सहभागि भत्ता	१००	१००	५००
४	योजना तथा कार्यक्रम अनुगमन भत्ता	०	०	१५००
५	प्रतिवेदन लेखन	५००	५००	१००० देखी २५०० सम्म

२०

कृर्षी तर्फ

अनुदानको अनुगमनः सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग एंव अनुगमन गर्ने गराउने तर्फ ध्यान दिनुपर्दछ । नमूना छनौटको रुपमा केहि भौचरको छनौट गर्दा देहायको कृषक समूहलाइ अनुदान वितरण गरेको पाइयो ।

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>समूह</th><th>कार्यक्रम</th><th>भुक्तानि</th></tr>
<tr><td>श्रीमिलिजुली कृषि सहकारी संस्था लि.</td><td>व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन</td><td>१२९९३६५</td></tr>
<tr><td>श्री सुनौलो महिला बहुउदेश्यीय सहकारी संस्था लि.</td><td>व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन</td><td>६९९९५०</td></tr>
<tr><td></td><td>साना कृषि औजार तथा यन्त्र उपकरण अनुदान (३३जना)</td><td>८२१५००</td></tr>
<tr><td></td><td>सानासिंचाई कार्यक्रम(बोरिंग, जडान र मोटर तथा पम्पसेट वितरण) कृषक, समूह, सहकारी, जल उपभोक्ता, कृषि फर्म(५ जना)</td><td>४२५०००</td></tr>
<tr><td></td><td>गहुँको मूल/प्रमाणित/उन्नत बीउ वितरण कार्यक्रम</td><td>३५७९१५</td></tr>
<tr><td></td><td>सानासिंचाई आयोजना(मोटर वितरण कार्यक्रम)कृषक, समूह, सहकारी, जल उपभोक्ता, कृषि फर्म ६०जना</td><td>११३५०००</td></tr>
<tr><td></td><td>धानको मुल/प्रमाणित/उन्नत बीउ वितरण कार्यक्रम</td><td>४२४०००</td></tr>
<tr><td></td><td>वाख्रा पकेट स्थापना कार्यक्रम (४ वटा समुह)</td><td>१५ लाख</td></tr>
<tr><td></td><td>कोभिड विशेष कार्यक्रम</td><td>२० लाख</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>वाढी पिडितलाइ राहत
वाढी पिडितलाइ राहत कार्यक्रम पालिका वाट वर्ष विभिन्न गो भौ न वाट जम्मा रु १५००००००।०० मा पहिलो किस्ता ३७ जना लाभग्राहीको खातामा रकम निकाशा गरेको मा कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। अनुदानको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कोभिड विशेष ,मुख्यमन्त्री ग्रामीण विकास ,स्थानीय पूर्वाधार विकास साझेदारी ,सुरक्षित आवास र २०७१ सालको बाढीबाट प्रभावित कार्यक्रम तर्फ</td><td></td></tr>
</table>

२२.१			**बैठक भत्ता** - लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। पालिकाले गो.भौ.नं. ३७।२०७८-०३-३०(संघिय सरकार हस्तान्तरित) बाट स्पस्ट कार्ययोजना एवम् निर्णय बेगर बैठक भत्ता मात्र खाने उदेश्यले बैठक बसि मापदण्ड विपरित ५२ जनाको उपस्थिती जनाई रु.१५०० का दरले रु.६६३००(कर पछि) भुक्तानी भएको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।		
२२.२			**मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम तर्फ** –मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्याविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ।कार्यालयले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको लागि संचालन गरेको कार्यक्रममा लक्षित वर्गको छनोटको आधार पेश गरेको छैन। अति विपन्नको स्पष्ट आधार एवं मापदण्ड नवनाई लाभग्राही दोहोरो हुनेगरी कार्यक्रम संचालन गरेकाले वास्तविक लाभग्राही समावेश भए नभएको यकिन हुन सकेन। कार्यालयले कार्यक्रमको प्रभावकारीताको अनुगमन गरेको छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई कार्यक्रमको उदेश्य अनुरुप कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ ।		

गो.भौ.नं.।मिति	कार्यक्रमको नाम	रकम	कैफियत
२७।२०७८-०३-१६	डकर्मी तालिममा प्रयोग हुने सामाग्री वितरण	१४५२५९	
५२।२०७८-०३-३०	बाख्रा तथा भैसीको पाडा पाडी वितरण	२०००००	छनौट नभएको कन्द्रा चौधरी वडा नं.१ लाई वितरण
१९।२०७८०३-०८	बाँसको बिरुवा रोपण	१४८०००	
३८। २०७८-०३-२७	कृषि म◌ोटर खरिद तथा वितरण	१०,९५,०००	
५९। २०७८-०३-३०	कृषि व्यावसायिक पशुपंक्षी पालन फर्म प्रवर्दन कार्यक्रम	१६,२३,३७२	
	जम्मा	४९३२५९	

२२.३ **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम तर्फ** - ४,३५०,०००

- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १५ मा यस नियमावली वमोजिम सञ्चालित कार्यक्रमहरु प्रभावकारी बनाउन स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक परिक्षणका विधि अवलम्बन गरी सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले यसवर्ष विभिन्न विभिन्न ९ वटा योजनामा रु.९२१३८०६.९२ खर्च गरेको विवरण पेश गरेकोमा सो को सार्वजनिक परीक्षण गराएको देखिएन । अत: नियमावलीको अनुशरण गरिनु पर्दछ ।
- **एम्बुलेन्स र शवबहान खरिद** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टी गर्ने विल,भरपाई,कागजात र प्रमाण संलग्न गर्नुपर्ने उल्लेख

			छ ।पालिकाले रक्षा ट्रष्टको लागि एम्बुलेन्स र शवबहान खरिदका लागि गो.भौ.नं.६।२०७८-०६-१३(स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम) र गो.भौ.नं.६।२०७८-०३-२९(प्रदेश सरकार (ख)६) बाट ३ थान एम्बुलेन्स र शवबहान खरिदका लागि सिप्रदि ट्रेडिङ्ग प्रा.लि.लाई रु.४३५०००० भुक्तानी दिएकोमा सो को सक्कल बिजक श्रेस्ता साथ संलग्न नदेखिएकाले सक्कल बिजक,प्राविधिक जाँचपास र जिन्सि दाखिलाको प्रमाण पेश गुनुपर्ने रु.	
२२.४			**कोभिड विशेष कार्यक्रम तर्फ** – कोभिड विशेष कृषि कार्यान्वयन कार्याविधि २०७७ अनुसार कोभिडबाट प्रभावित भएका वैदेशिक रोजगारबाट फर्केका कोभिड प्रभावित तथा वेरोजगार युवाहरुलाई अनुदान दिने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस कार्याविधि अनुसार ८३ जना कृषकलाई छनौट गरी ५० प्रतिशत अनुदान वापत गो.भौ.नं.५०।२०७८-०३-२९ रु.१७१९४९९ खर्च लेखेको छ । साथै सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	
२२.५			**सुरक्षित आवास र २०७१ सालको बाढीबाट प्रभावित कार्यक्रम तर्फ** - सुरक्षित नागरिक आवास कार्यन्वयन कार्यविधी २०७६ को दफा ७ को उपदफा (४) मा अनुदान उपलव्ध गराउँदा सम्वन्धित स्थानिय तहसँग सम्झौता भएपछी पहिलो किस्ता वापत ६० प्रतिशत रकम उपलव्ध गराइने र दफा ८ मा उपदफा (७) वमोजिम प्राप्त पहिलो किस्ताको रकमवाट काठ र जस्तापाता लगायतको सामाग्रि खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनि स्थानिय तहको प्राविधिक वाट अनुसुची ३ वमोजिमको प्राविधिक सहितको शिफारिसको आधारमा सम्वन्धित स्थानिय तहवाट लाभग्राहिलाई अन्तिम तथा द्रोस्रो किस्ता उपल्ध गराउने व्यस्था रहेकोमा कार्यालयवाट यस सुरक्षित आवास कार्यक्रम अन्तर्गत यो वर्ष विभिन्न गौ. भौ.नं. वाट जम्मा रु.७१७०००० लाभग्राहीको खातामा रकम निकाशा गरेको मा कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ। अनुदानको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन ।साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा वित्तिय हस्तान्तरणबाट प्राप्त भएको रकम सम्वन्धित आर्थिक वर्षमा खर्च नगरेको खण्डमा फिर्ता गर्नुपर्ने	३०,०३७,०००

			व्यवस्था छ । पालिकाले २०७१ सालको बाढि पिडितका लागि संघिय सरकार बाट प्राप्त भएको रकम रु.३००३७००० खर्च नगरी प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको छ । संघिय शशर्त अनुदानका मार्फत प्राप्त रकम खर्च नभएमा फिर्ता गर्नुपर्नेमा कोभिड १९ को दोस्रो लहरको प्रभावको कारण समयमा भुक्तानी गर्न नसकिएको भनि कार्यपालिकाको मिति २०७८-०३-२५ को निर्णय बमोजिम प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको अनियमीत देखिएको रु.	
२३			**पेश्की जमानीको म्याद,उ.स.को कार्य,नापि किताब कार्यसम्पन्न र मू.अ.कर तर्फ**	
२३.१			**मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । आ.ब. २०७८।७९ को बजेट भाषण पश्चात मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गरिएको निम्न गौ.भो.नं. बाट कार्यालयले मू अ कर कट्टी नगरेकाले मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	१११,२५६

गौ.भो.नं.।मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	विजक नं.	मू.अ.कर रकम	७०% मू.अ.कर	स्था.ले.नं.
१५। २०७८-०३-१७ (संघिय सरकार पुँजिगत)	जय दुर्गा निर्माण सेवा	४३९०२४.१४	०१	५७०७३.१४	३९९५१	३०००१२७४२७
२७। २०७८-०३-२९ (संघिय सरकार पुँजिगत)	जय बागेश्वरी निर्माण सेवा	३५०१९९	३१	४५५२५	३१८६७	६०५१९१४११
३५। २०७८-०३-३० (संघिय सरकार पुँजिगत)	पौडेल विल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि.	४३३३९२	१७	५६३४१	३९४३८	६०६६०१९९१
				जम्मा	१११२५६	

२३.२ **पेश्की जमानीको म्याद समाप्त भएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौंट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।पालिकाले हिमाल आधारभुत विद्यालय निर्माणका लागि लागत अनुमान २८५९७१७.८२ रहेको निर्माण कार्यका लागि न्युनतम अंक रु.१६७८१३६.०७ मा कबोल गर्ने अमन कन्स्ट्रक्सन संग मिति २०७८-०३-२५ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निजले कोभिडका कारण मिति

३३०,०००

			२०७८-०६-१८,दर्ता नं.२१७९ बाट म्याद थपका लागि निवेदन दिएकोमा लेखापरीक्षण अवधिसम्म सो निर्माण कार्यको म्याद थप भएको देखिदैन। मोविलाइजेशन पेश्की वापत रु.३३०००० भुक्तानी भएकोमा पेश्की जमानीको म्याद २०७७-१२-१६ मा समाप्त भइ सकेको अवस्थामा पेश्की जोखिममा रहेकाले पेश्की जमानीको म्याद थप गर्नुपर्ने रु.		
२३.३			**शिवगंगा आँखा उपचार केन्द्र भवन निर्माण उ.स.** – पालिकाले शिवगंगा आँखा उपचार केन्द्र भवन निर्माणका लागि रु.१६२१९२३.४० लागत अनुमान रहेको कार्य उपभोक्ता समिती मार्फत गर्ने गरी सम्झौता गरेको छ । नमुना छनौट गरी परीक्षण गरिएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० विपरित उपभोक्ता समितिले गिट्टी बालुवा र ढुँगा विभिन्न व्यक्तिबाट खरिद गरि रु.१ लाख ७७ हजार भुक्तानी कर विजक पेश नगरी भरपाई पेश गरेको छ । करयोग्य निर्माण सामाग्रि मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्नेमा नगरेको देखियो ।अतः करयोग्य निर्माण सामाग्रि मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्म संग खरिद गर्नुपर्दछ ।		
२३.४			**पेश्की जमानीको म्याद समाप्त भएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम (३) अनुसार निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिँदा निजबाट त्यस्तो पेश्की रकम खाम्ने गरी र सम्झौता बमोजिम काम नगरेमा कार्यालयको अनुरोध पछि तत्काल भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत लिई पेश्की दिनुपर्ने र उपनियम (४) मा त्यस्तो बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ ।पालिकाले त्रिशक्ती आधारभुत विद्यालय निर्माणका लागि लागत अनुमान ३५०००१७ रहेको निर्माण कार्यका लागि न्युनतम अंक रु.२०८०००७.४३ मा कबोल गर्ने अमन कन्स्ट्रक्सन संग मिति २०७८-०३-२५ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निजले कोभिडका कारण मिति २०७८-०५-२५,दर्ता नं.२१७९ बाट म्याद थपका लागि निवेदन दिएकोमा लेखापरीक्षण अवधिसम्म सो निर्माण कार्यको म्याद थप भएको देखिदैन। मोविलाइजेशन पेश्की वापत रु.४००००० भुक्तानी भएकोमा पेश्की जमानीको म्याद २०७८-०१-१६ मा समाप्त भइ सकेको अवस्थामा पेश्की जोखिममा रहेकाले पेश्की जमानीको म्याद थप गर्नुपर्ने रु.	४००,०००	
२३.५			**नापी किताब र कार्यसम्पन्न प्रतिवेदन**: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । नगरपालिका देहायको निर्माण कार्यको	२९८,५००	

प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ, लाभग्राहिको छनोटको आधार, मापदण्ड,निर्णय समेत संलग्न राखी वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन नापी किताब र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

गो.भौ.नं.।मिति	भुक्तानी पाउनेको नाम	कार्य	भुक्तानी रकम	कैफियत
५।२०७७-०९-१७ (संघिय सरकार पुँजिगत)	बघियान ट्रेडिङ्ग एण्ड सप्लायर्स	वैकल्पिक उर्जा जडान	२९८५००	गुणस्तर परीक्षण नभएको
१३। २०७८-०३-१४ (संघिय सरकार पुँजिगत)	नागरिक ईनर्जी डेभलपमेन्ट	बायो ग्यास जडान ४ प्लान्ट	२०००००	अनुगमन नभएको ।
१४। २०७८-०३-१४ (संघिय सरकार पुँजिगत)	नागरिक ईनर्जी डेभलपमेन्ट	सुधारिएको चुलो जडान १५ थान	२०००००	अनुगमन नभएको ।
		जम्मा	६९८५००	

२४			**नगरपालिका पूजिगत तर्फ**	
२४.१			नापी नभएको आईटमको भूक्तानी – ठेक्का न.1,076/77, को आईटम न.2.5 मा उल्लेख भएको विधुत पोल सार्ने र गाड्ने	१६९,५००

			कामको नापी किताबमा नभै विलमा 15 वटा पोलको रु.10000।-का दरले रु.150,000।– र मूल्य अभिवृद्धि कर रु.19500।– समेत जम्मा रु.169500।– भूक्तानि भएकोले उक्त रकम असुल हुनुपर्ने रु.	
२४.२			ठेक्का स्वकृति ढिला भएको – ठेक्का न. ४,2077/78,गुलरीया वडा न.9 मा सडक कालो पत्रे गर्ने कार्यका लागि रु.24684871।– को लागत अनुमान तयार गरी वोलपत्र आव्हान भएकोमा सवैभन्दा घटी रकम रु.13070777।-कवोल गर्ने निर्माण व्यवसायि श्री ओम सत्य साई/व्ल्याक वक J.V.को ठेक्का मिति 2078/02/27 मा स्विकृत भएकोमा साढेल दुई महिना डिला गरी 2078/05/13 मा मात्र ठेक्का स्विकृत भएको छ ।स्विकृत भैसकेको ठेक्कका ढिला गरि सम्झौता भएको कारण पेश नभएकोले सोलाई उपयुक्त मान्न सकिएन ।	
२४.३			अनुत्पादक एवं वितरणमुखी कार्यक्रम – नगरपालिका र यस अन्तरगत वडा कार्यालयहरुमा कार्यक्रम प्राथमिकिकरण एवं छनौट गर्दा निम्नानुसार अनुत्पादक,वितरणमुखी र उपयोगमा जोड दिएको देखिएकोले उत्पादन एवं रोजगारीमा वृद्धि हुने र छिटो एवं दिगो प्रतिफल दिने कार्यक्रममा प्राथमिकता दिनुपर्ने देखिन्छ । अनुत्पादक एवं वितरणमुखी कार्यक्रमका केही उदाहरणहरु निम्नानुसार रहेको छन् ।	

सि.न.	कार्यक्रमको नाम	वडा न.	रकम
1	जेष्ठ नागरीक सम्मान कार्यक्रम	1	150000.00
2	किशोर किशोरीलाई प्रजनन् स्वास्थ्य सम्वन्धी अभिमुखिकरण	3	450000.00
3	विपन्नलाई न्यानो कपडा वितरण	4	500000.00
4	दलित परीवारलाई कम्वल वितरण	5	150000.00
5	झुल वितरण कार्यक्रम	6	200000.00
6	झुल वितरण कार्यक्रम	7	100000.00
7	मन्दिरमा किर्तन सामाग्री वितरण	8	100000.00
8	झुल वितरण	9	700000.00
9	जेष्ठ नागरीक सम्मान कार्यक्रम	9	400000.00
10	विपन्नलाई धोति वितरण कार्यक्रम	10	500000.00
11	जेष्ठ नागरीकलाई सम्मान कार्यक्रम	10	395000.00
12	संस्कृति बचाउ कार्यक्रम	11	211000.00
जम्मा			3856000

साथै सवै वडा कार्यालयहरुवाट आर्थिक सहयोग वितरण भैपरी खर्च र अवण्डा वजेट समेतको व्यवस्था गरी खर्च गर्ने गरेकोले उक्त कार्य नगरपालिकाको एकिकृत निति तयार गरी नगरकार्यपालिकाको कार्यालय वाट संचालन गरीनुपर्दछ ।

२४.४ **उपभोक्ता समिति बाट जटिल निर्माण कार्य-** नगरपालिकाले वडा न.6 मा गणेशमान सींहको शालिक निर्माण तथा हाईमष्ट वत्ती

			जडानको लागिर रु.2713384.92 मा उपभोक्ता समिति मार्फत कार्य गराई रु.2442046।– भूक्तानी भएको छ ।हाईमष्ट लाईट जडान कार्य जटिल प्राविधिक प्रकृतिको भएकोले उक्त कार्य उपभोक्ता समिति मार्फत गराउने नियमसम्मत नदेखिएको रु. यस्ता कार्यहरु प्रतिस्पर्धात्मक तरीकाले निर्माण व्यवसायिवाट गराउन ध्यान दिनुपर्दछ ।	
२४.५			आन्तरीक आय छुट- नगरपालिकाको स्वामित्वमा रहेका 16 वटा सटर २ वटा तरकारी हाटबजार र १ वसपार्क प्रवेश शुल्कलाई 2076 चैत्र 11 देखि असार मसान्त सम्मको कोरोना महामारीको अवधिमा वन्दावन्दि भनि नगर कार्यपालिकाको 2077 असार 23 गतेको निर्णय बाट उक्त पार्टिहरुवाट प्राप्त हुने संझौता अनुसारको रु.1376226।– पूर्ण छुट दिएकोमा उपयुक्त देखिएन ।	
२४.६			नदिजन्य पदार्थ- नगरपालिकाले यस वर्ष विभिन्न सात वटा घाट बाट जम्मा 570834।– घन फिट नदिजन्य पदार्थ उत्खनन् र निकासीका लागि रु. ४४ लाखको (कर समेत) सूचना आव्हान भएकोमा २ वटा घाटमा कुनैपनि व्यवसायि सहभागि नभएको र 5 वटा घाटमा 30 लाखको मूल्यांकन भएकोमा राजश्व रु.3045132.74, 1.5% अग्रीम आय कर रु.45678।– र 13% मूल्य अभिकवृद्धि कर रु.395867.25 सम्वन्धित खातामा दाखिला भएको छ ।तर उक्त व्यवसायीले के कति परिणाममा उक्त सामान उत्खनन् र निकासी गरे सो को अभिलेख संलग्न नरहेकोले सो को यकिन हुन सकेन ।	
२४.७			**भेरीयसन आदेश-** ठेक्का न.2 076/77, जिल्ला प्रहरी कार्यालय चोक देखि भन्सार कार्यालय सम्म नाली निर्माण कार्यमा,झाडीकटान,माटो खन्ने फर्मवर्क लगायतका आईटमहरुको परीमाणमा घटवढ भई शूरु सम्झौता रकम रु.29,80,00,537.77 मा 13.5% ले वृद्धि भई रु.33822392.90 कायम गरी रु.4021855.13 को भेरियसन आदेश कार्यपालिकाले स्विकृत गरेको छ । शुरु लागत अनुमान तयार गर्दा नै सहजै अनुमान गर्न सकिने उक्त आईटममा भेरियसन आदेश स्विकृत गर्ने कार्य नियमानुसार नदेखिएको	४,०२१,८५५
२४.८			ग्यास सिलिन्डर र चुल्हो खरिद- वडा स्तरिय कार्यक्रममा वडा न.8 र 9 का लागि ग्यास सिलिन्डर र चुल्हो खरीद गरी वडाका विपन्न असहाय लगायत जनतालाई वितरण गर्ने उद्धेश्यले क्रमश वडा न.8 मा रु.3410543.40 र वडा न.९ मा रु.1901278.34 को ठेक्का व्यवस्था भएको छ ।उक्त कार्यक्रम वितरणमुखी भएकाले उत्पादन र रोजगारी वृद्धी हुने कार्यमा	

			नगरपालिकाले प्राथमिकता दिई यस किसिमकम उपभोगमुखी क्रियाकलापलाई नियन्त्रण गर्नुका साथै वास्तविक लक्षितको पहिचान् एवं छनौटमा ध्यान दिनुपर्दछ ।	
२५			**आन्तरीक लेखापरीक्षण बाट कायम भएका व्यहोराहरु**	
२५.१			गो भौ. नं. ८९ (कृषि चालु तर्फ) मिति ०७८/३/२४ मा रु १४९२१६।– को सनराईज कटपिस सेन्टर संग खरिद गरेको तर वितरण गरेको भरपाई नभएको हुदा वितरण गरेको भरपाईको प्रमाण पेश गर्नुपर्ने रु.	१४९,२१६
२५.२		२०७८-१२-२८	गो भौ .न. १७ (प्रदेश सरकार चालु तर्फ) मिति ०७८/३/४ मा रु ४५७१११।– को सामान बिल टुक्रा पारि खरिद गरेको र अग्रिम आयकर समेत कट्टा नगरिएको हुदा १.५% ले हुने अग्रिम आयकर रु ६८५७।– असुल उपर गरि दाखिला गर्नुपर्ने रु	६,८५७
२६			**खरिद**	
२६.१			**मूल्य अभिवृद्धि कर कट्टी** – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले भैरब कन्ट्रक्सनलाई रु ४९२९९६ भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु १६९५४ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.	१६,९५४
२६.२	बिभिन्न		**सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । नमुना छनौट गरि परीक्षण गरिएका निम्न बस्तु तथा सामग्री खरिदमा पालिकाले यो वर्ष पूँजीगत वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ लागत अनुमानकै हाराहारीमा निम्नानुसार रु.4684398 को सोझै खरिद गरेको रु	४,६८४,३९८

भौ न र मिती	सामाग्री	सप्लार्यस	भुक्तानी रकम
५।७७।५।२४	डेल कम्प्यूटर ईन्भर्टर	मेरिडियन आई टी प्रा ली	३२४२६९
७।७७।५।२७	कोटाही ट्रेडिङ्	स्क्यानर	९६०५०
९।७७।५।३१	ओशो प्लाजा	ए सी	३१६९६५
११	बघियान टेर्डिङ् सप्लार्यस	ईन्भर्टर	९२०९९
१८	ओशो प्लाजा	ए सि	१४९१६०
३०।७७।६।२८	न्यू बर्दिया ईन्फोसिस	ईन्भर्टर ए सि	१३२९९९
३६	जि एस ईन्फोसिस	ल्याप्टप	१३३५००
६०।७७।८।२३	बागेश्वरी अर्डर सप्लार्यस	सि सि टि भी	४९९४९
६५।७७।९।१६	ओशो प्लाजा	ए सी	९९४४०
११६।७७।११।२०	बघियान टेर्डिङ् सप्लार्यस	ए सि	१७१९००
१३९	जि एस ईन्फोसिस	टि भी	७२०००
१७०।	दर्शन शोलुशन	सोलार बत्ति	४९८५४९
१९०।७८।२।३१	डि डी ईन्टरप्राईजेज	रेफ्रिजेरेटर	९९५००
१७२।७८।१।१३	गुलरिया लिङ्क्क	ल्याप्टप प्रिन्टर	३२३५३९
१९३।७८।२।३१	न्यू बर्दिया ईन्फोसिस	सोलार बत्ति	११७४०७
२१७।७८।३।११	गुलरिया लिङ्क्क	क्यानन प्रिन्टर १२	३६१६०८

२१५।३।११	जे आर कम्प्यूटर	डेल	१०८७००
२३३।	जि एस ईन्फोसिस	डेल ल्याप्टप	१२४४९८
२४५	ओशो प्लाजा	स्टेपलाईजर	१४८८३१
		जम्मा	३४२०९६३
१०।७७।६।२३	भण्डारी फर्निचर सप्लार्यर्स	बोर्ड	२२५८८७
१९।७७।५।३१	शर्मिला अल्म्युनियम	बोर्ड	१६३१६३
३६।७७।७।५	भण्डारी फर्निचर	कुर्सि टेवुल	९२०३०
६३।७७।८।२५	भण्डारी फर्निचर	कुर्सि	३३३३५
२५२।७८।२।१८	आरविया फर्निचर	सोफा सेट	४९९४६०
२५२।७८।२।१८	भण्डारी फर्निचर	फर्निचर एण्ड फर्निसिङ्ग	२४९५६०
		जम्मा	१२६३४३५
		कुल जम्मा	४६८४३९८

२६.३	बिभिन्न		**जडानको प्रमाण नभएको** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९को ५ अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवस्यक प्रमाण सहित खर्च लेख्नु पर्ने, योजनाका लागी खरिद भएका निर्माण सामाग्रीको अभिलेख राखी सम्बन्धि योजनामा जडान गर्नु पर्ने ब्यवस्था छ । यसै गरी सार्वजनिक खरिद नियमावली अनुसार सार्वजिनिक निर्माण कार्यको बास्तविक नापजाँच पश्चातको परीमाण यकिन गरी निर्माण सम्बन्धित योजनामा जडान भएका सामग्रीको खर्च भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले योजना पहिचान नगरी खरिद भएका निम्न सामाग्रीहरुको जिन्सी आम्दानी घटाईएको मा योजनागत खर्च अभिलेख सम्बन्धित योजनामा जडान भएको प्राविधिक	३,७२६,१९१

मुल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन समेत तयार भएको छैन । अत सरकारीकोषवाट खरिद भएका सामाग्री सम्बन्धित योजनामा जडान भएको अवस्था खुल्ने प्राविधिक मुल्याङ्कन नापि किताव तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु

गो भौ न	सामाग्री	सामाग्री विवरण	परिमाण	सप्लार्यस	रकम
५९।७७।८।२२	ह्यूम पाईप	४५ ६० र ९०	६० मि	संगम कंक्रिट	४४०८७०
११४।७७।११।१९	ह्यूम पाईप	३० ४५ र ६०	५० मि	संगम कंक्रिट	२९८३२०
१४२।	ह्यूम पाईप	४५ ६० र ९०	२६० मि	संगम कंक्रिट	१९९३८१७
२१०।३।९	बिद्युत पोल	२० सेट	२०	त्रिपुरा सुन्दरी सप्लार्यस	३९६५४९
२६६।३।३१	ह्यूम पाईप	१७ २०	८८ मि	शाहान्ज कन्ट्रक्सन	४९७४७८
२५९।३।२०	ह्यूम पाईप	६० र ९०	७।५ मि	मालिका देवी सप्लार्यस	९९१५७
					३७२६१९१

२६.४ **म्याद थप** – सार्वजनिक खरिद ऐन २०६३को दफा ५६ तथा नियमावली २०६४ को नियम १२० अनुसार तथा नियम र सम्झौताका व्यवस्था अनुसार ठेक्काको काम थप भएमा, निर्माण स्थल उपलब्ध नभएमा र कावु वाहिरको परिस्थिति उत्पन्न भ ्इ ठेक्काको काममा ढिला ्इ भएमा अद्यावधिक कार्यतालिका सहित तोकिएको तहवाट निर्णय गराई म्याद थप गर्न सकिने व्यवस्था छ । तर पालिकाले स्थानीय खरिद कानुन नबनाएको अवस्थामा काबुबाहिरको परिस्थिती अवस्था मुल्याङ्कन बिश्लेषण बेगर,निर्माण व्यवसायीले निवेदन नदिई,कार्य सम्पादन जमानत र बिमाको अवधि समेत थप नगरी सार्वजनिक खरिद नियमावली २०६४ द्वारा परिभाषित नगरिएका, पालिका प्रमुख र कार्यपालिका स्तरका निर्णयका आधारमा शूरु सम्झौताको ५० प्रतिशत भन्दा बढी अवधी थप गर्ने गरेको पाईयो ।स्थानीय तहले आवस्यकता अनुसार खरिद कानुन तर्जुमा गरी कानुनी प्रकृयाका आधारमा मात्र सम्झौताको म्याद थप गर्नु पर्दछ .

२६.५ **अमानतवाट कार्य** सार्वजनिक खरिद निमावली २०६४ को नियम ९८ अनुसार रु १०००००० सम्मको निर्माण कार्य अमानत २७०,५१४

			वाट गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले एकैकर्मचारीवाट तोकिएको सिमा भन्दा बढी कार्य गराएको, एक तह माथिको स्विकृती नलिई, एउटै व्यक्तिवाट पटक पटक अमानतवाट कार्य गराएको पाईयो । अमानतवाट कार्य गराउदा स्विकृत लागत अनुमानकै दरवाट खर्च हुने हुदा प्रतिस्पर्धावाट हुने बचत रकम ब्ययभार पर्नुका साथै कार्यको गुणस्तरमा समेत विश्वत हुने देखिदैन । अत पालिकाले अति आवस्यक अवस्था सृजना नभई प्रतिसपर्धा सिमित हुने गरी एउटै ब्यक्तीवाट समेत अमानतवाट कार्य गराई खर्च लेखेको अनियमित देखिएको रु गो भौ न मिती | काम | सम्झौतालागत अनुमान | भुक्तानी पाउने | रकम ६।७७।५।२५ | फोहोर सेग्रिग्रेशन सेड | ३३१५३६ | असई रुपमती चौधरी | १३२२८५ ४५।७७।७।२४ | ग्राभेल | १३८२२९ | विश्व प्रकाश अधिकारी | १३८२२९ | | ४६९७६५ | | २७०५१४	
२७			**उपभोक्ता मार्फत कार्य**	
२७.१			**नर्म्स फरक पारी भुक्तानी** सार्वजनिक खरिद ऐन नियमावली अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत नर्म्स अनुसार दररेट निर्धारण गरी कार्य गराउनु पर्दछ । पालिकाले निम्न सडक निर्माण कार्यको दररेट बिश्लेण गर्दा भवन बिभागको नर्म्रस पर्योग गरेको तथा भवनको कार्यमा समेत नर्म्सको परिमाण भन्दा बढी सामाग्री राखी गणना गरी सोही बमोजिम उपभोक्ता समितिहरुलाई भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु	७४,४१७

Nested table (inside the first row):

गो भौ न मिती	काम	सम्झौतालागत अनुमान	भुक्तानी पाउने	रकम
६।७७।५।२५	फोहोर सेग्रिग्रेशन सेड	३३१५३६	असई रुपमती चौधरी	१३२२८५
४५।७७।७।२४	ग्राभेल	१३८२२९	विश्व प्रकाश अधिकारी	१३८२२९
		४६९७६५		२७०५१४

गो भौ न	उपभोक्ता समिती	आईटम	हुनु पर्ने दर	भएको दर	प्रति ईकाई बढी दर	परिमाण	बढी रकम	असुल गर्ने रु
१५७। १२। २५	नालि निर्माण उ स	पि सि सि ११।५ ३	१३००६। ६७	१३८२३। ८९	८१७। ८९	५३। १६	४३४४३	४०१४१
२२६। ३।१३	भवन निर्माण उ स	फर्मा लगाउने	५५०	५७५	२५	३८०। १९	९५०४	९०२९
९५। ११। १२	मनकामना टोल पक्कि नाली उ स	पि सि सि ११।५ ३	१३००६। ६७	१३८२३। ८९	८१७। ८९	३३। ७५	२७५८१	२५२४७
								७४४१७

२७.२			**प्रयोगशाला भवन** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७(१क) अनुसार मुल्य अभिबृद्धि कर ओभरहेड कन्टिजेन्सी तथा जनसहभागिता समावेश भएको रु एक करोड रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउने सकिने व्यवस्था छ । तर पालिकाले प्रयोगशाला निर्माण कार्य मु अ कर ओभरहेड तथा कन्टिजेन्सि समावेश नगरी तयार भएको रु ९७००००० को लागत अनुमानका आधारमा उपभोक्ता समिती मार्फत कार्य गराई रु ८४९३७२७ खर्च गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावलीको व्यवस्था विपरित लागत अनुमान तयार गरी प्रतिस्पर्धा सिमित हुने गरी उच्च प्राबिधक ज्ञान सिप र प्रविधि आवस्यक पर्ने प्रयोगशाला भवन निर्माण कार्य उपभोक्ता समिती मार्फत गराएको कार्य अनियमित देखिएको रु	८,४९३,७२७
२७.३			नभएको कार्यको भुक्तानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९को ५ अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवस्यक प्रमाण सहित खर्च लेख्नु पर्दछ । पालिकावाट	१५,०००

			निम्न निर्माण कार्यहरुमा उपभोक्ता समितीहरुलाई गुणस्तर परीक्षण वापत भुक्तानी भएकोमा गुणस्तर परीक्षण नभएकोले सोवापत भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु	
२७.४			**हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गो भौ न	उपभोक्ता समिती	कार्य	भुक्तानी
१६०।७७।१२।२७	कैलाशपुर माटो प उ स	माटो ग्राभेल	५०००
१७५।७८।१।१३	रामजानकी मन्दिर बाटो उ स		५०००
१७४।७८।१।१३	प्रतापपुर कजवे उ स	कजवे	५०००
		जम्मा	१५०००

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च ईन्धन समेत
८३	कृष्णसार टोल विकास समिती	बाटो	१५००००००	रोलर ग्रेडर	५०६८५०
१२१	कमलपुर बाटो नि उ स	सडक	१३५३०००	रोलर ग्रेडर	४५८३००
१६०।७७। १२।२७	कैलाशपुर माटो प उ स	माटो ग्राभेल	१०००००	रोलर ग्रेडर	५५०००
१७५।७८। १।१३	रामजानकी मन्दिर बाटो उ स		१८०००००	रोलर ग्रेडर	६६००५२
१७४।७८। १।१३	प्रतापपुर कजवे उ स	कजवे	१३८४७९३	रोलर ग्रेडर	४५७७४९
१७३।७८। १।१४	खालेपुर बाटो उ स		११६५१८५	रोलर ग्रेडर	३९८०१०
२४३	वडा ४ सडक मर्मत उ स	सडक	५००००००	रोलर ग्रेडर	१८२००००

२७.५			**कर कट्टी नभएको** आयकर ऐन २०५८को दफा ८९को उपदफा ३क उपभोक्ता समिति वा लाभग्राही समुदायलाई अनुसार ५० लाखभन्दा बढीको भुक्तानीमा १।५ प्रतिशतका दरले अग्रिम कर कट्टि गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । तर पालिकावाट निम्न उपभोक्ता समितिहरुलाई भुक्तानी दिदा १।५ प्रतिशतले हुने कर रकम भन्दा कम कट्टी गरी भुक्तानी दिएकोले घटी कट्टी कर असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु	५६,२०७	

गौ भो न	उपभोक्ता समिती	भुक्तानी रकम	कर कट्टी रकम	कट्टा गर्नु पर्ने	घटी कट्टी भएको रु
७७ प्रकोप	प्रयोगशाला निर्माण उ स	८४९३७२७	८८३८७	१२७४०५	३९०१८
२४३।	सडक नि।उ स ४	५००००००	५७८१५	७५०००	१७१८९
		१३४९३७२७			५६२०७

२७.६

जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, , कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१५७।७७।१२।२५	पक्कि नाली निर्माण उ स	पक्की नाला	१४७७१३९
२२६।७८।२।१३	वडा कार्यालय भवन नि उ स २	भवन निर्माण	३३७६७८०
प्रकोप तर्फ	प्रयोगशाला भवन नि उ स	प्रयोगशाला भवन	८४९३७२७
	जम्मा		१७७७४१९४

नियमावलीको ब्यवस्था पालना हुनु पर्दछ ।

२८ **सामाजिक सुरक्षा**

२८.१ **तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा १९ अनुसार विभागले स्थानीय

https://nams.oag.gov.np

			तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाईं प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ ।	
२८.२			प्रतिवेदनः सामाजिक सुरक्षा सुरक्षा कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक, वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मंसिर ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश नगरेकोले सो सम्वन्धमा विश्ववस्त हुन सकिएन ।	
२८.३			**निष्कृय खाताः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को अनुसूची ८ मा स्थानीय तह र बैंकबीच हुने सम्झौतापत्रको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहित बाँकी रकम भए पालिकालाई उपलव्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलव्ध गराउनुपर्ने र सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछिको रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्कृय खाताको विवरण प्रत्येक साउन र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौट भएपश्चात दोस्रो र दोस्रो किस्ता फछ्र्यौट गरी तेस्रो किस्ता निकासा दिई फछ्र्यौट गर्नुपर्नेमा बैङ्कलाई निकासा दिएको रकम सोझै खर्च जनाएको छ । सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकासा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	

२९			**स्वास्थ्य तर्फ**	
२९.१			औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहले रु.१०५९६१७।०० एलोपेथिक औषधि ठेक्का वाट र अन्य विभिन्न भौचर वाट रु ८७३१८०।०० गरी जम्मा रु १९३२७९७।०० खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नुसार छनः आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाणसमावेश नभएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
२९.२			तलबी प्रतिवेदन - निजामती सेवा ऐन, 2049 अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी स्वास्थ्य तर्फका कर्मचारीहरुको तलब खर्च लेखेको छ । तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
२९.३			पारिश्रामिक कर:-आयकर ऐन, २०५८ को दफा ८८ (१) र ८९ मा भएको व्यवस्था भए वमोजिम प्राकृतिक व्यक्तिको हकमा रु ४५०००० सम्म करयोग्य आय भएमा कर योग्य आयको १ प्रतिशतका दरले,रु ४५००००।०० देखि रु ५५०००० सम्मको रकममा १० प्रतिशका दरले ,रु ५५०००० देखी ७५००००।०० सम्म २० प्रतिशतका दरले र ७५००००।०० देखि २० लाख सम्मको रकममा ३० प्रतिशतका दरले पारिश्रमिक कर कट्टा गरी भुक्तानि गर्नुपर्ने व्यवस्था रहेकोमा पालिका वाट डा.विजय उपाध्याय लाइ मासिक तलव रु ४३५८० र ५० प्रतिशत प्रोत्साहन भत्ता वापत रु २१४२० ले मासिक रु ६५००० का दरले वार्षिक पारिश्रमिक रु ८३३५८०।०० भुक्तानि भएकोमा १ प्रतिशत सामाजिक सुरक्षा कर वापत रु	५२,५७४

https://nams.oag.gov.np

			८३३५।८० मात्र कट्टा गरी भुक्तानि गरेको देखिएकोमा छुट पारिश्रमिक कर रु ५२५७३।२० सम्वन्धित कर्मचारी वाट असुल हुनुपर्ने रु ५२५७३।२०	
२९.४			(क) अभिलेख / प्रतिवेदन : हात्तिपाइले रोग निवारण अन्तर्गत आम औषधी सेवन कार्यक्रमको कार्यक्रम सम्पन्न भइ सके पश्चात निर्दिष्ट फारममा प्रतिवेदन तयार गरी स्थानिय तहले आफू मातहतका स्वास्थ्य संस्थाहरुको प्रतिवेदन एकिकृत गरी सम्वन्धित निकायमा पेश गर्नु पर्ने मा पालिकाद्धारा उक्त प्रतिवेदन पेश गर्ने गरेको नदेखिएकोले सो सम्वन्धमा विश्वस्त हुन सकिएन । (ख) हात्तिपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रमको अनुगमन निरिक्षणका लागी प्रतिस्थानिय तहमा वढी मा रु २५००० खर्च गर्न सकिने व्यवस्था निर्देशिकाले गरेकोमा पालिकाद्धारा उक्त कार्यक्रममा अनुगमन तथा सुपरीवेक्षण वापत रु ३१४६५।०० खर्च गरेको देखिएकोले निर्देशिकाले व्यवस्था गरे भन्दा वढि खर्च लेखेको रु ६४६५।०० (कर कट्टी पश्चात) असुल हुनु पर्ने रु ६४६५।०० (ग) विभिन्न तालिम कार्यक्रमहरुमा भुक्तानि भएको सहजकर्ता पारिश्रमिक निर्देशिकामा व्यवस्था गरे भन्दा वढी असुल हुनु पर्ने रु 12915	१९,३८०

	नाम थर	भुक्तानि रकम(कर कट्टि) पश्चात	भुक्तानि हुनु पर्ने (कर कट्टि) पश्चात	वढी भुक्तानि
महिला स्वास्थय स्वंयमसेविका	प्रकाश देवकोटा	3400	2380	1020
	सुनिल पाण्डे	5100	2380	2720
	प्रदिप चौधरी	1400		1400
	रन्जन सुर्यवंशि	1400		1400
अस्पताल स्तरीय	मोनु दहित	1275	850	425
	सुनिल पाण्डे	1275	850	425
	माधव घिमिरे	1275	850	425
सहभागि यातायात लाइ प्रति व्यक्ति रु ५००	विभिन्न व्यक्ति ३० जना	17850	12750	5100
जम्मा				12915

३०

संपरीक्षण

अनुगमन तथा सम्परीक्षण– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण अनुरोध नभएकोले गत बर्ष सम्म बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)
229993०००	०	२२९९९३०००

अद्यावधिक बेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)	यो वर्ष कायम बेरुजू(C)	संपरीक्षणबाट कायम बेरुजू(D)	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)
२२९९९३०००	०	६९०३५४११	०	२९९०२८४११